**बैँठक संख्या: १९ (उन्नाईसौं)**

**मिति २०८३ जेठ १८ गते सोमबार गते शुक्रवार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ <u>अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।</u>**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल जेठ ११ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो।

**निर्णय नं.२ <u>विद्युत मर्मत सम्भार सम्बन्धमा।</u>**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिका वडा नं. ४ माबुमा रहेको माबु आधारभूत विद्यालयलाई विद्युत मर्मतका गर्नका लागि अनुमति दिने र उक्त मर्मतको विल अनुसार खर्च भएको रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ <u>शौचालय निर्माण सम्बन्धमा।</u>**

उक्त प्रस्ताव माथि छलफल गर्दा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको च.नं. ८११ मिति २०८२/१२/११ को पत्रानुसार सामुदायिक विद्यालयको पूर्वाधार निर्माण गुरुयोजना २०८२ मा माग गरिएको शौचालय निर्माणका लागि सन्दकपुर गाउँपालिका भित्र रहेका विद्यालयहरुलाइ रु.७,००,०००/- (अक्षेरुपी सात लाख मात्र) प्राप्त भएकोमा सन्दकपुर गाउँपालिका वडा नं. ५ मा पर्ने भानुदय आ.वि लाई रु.४,००,०००/- (अक्षेरुपी चार लाख मात्र) र सन्दकपुर गाउँपालिका २ मा पर्ने गुफा आ.वि लाई रु.३,००,०००/- (अक्षेरुपी तिन लाख मात्र) बाँडफाँड गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४ <u>बजेट बाँडफाँड सम्बन्धमा।</u>**

उक्त प्रस्ताव माथि छलफल गर्दा स्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट प्राप्त बजेट सिलिङ्ग अनुसार आ.व २०८३/०८४ को लागि वडा तथा विषयगत समितिहरुलाई निम्न बमोजिमको बजेट सिलिङ्ग उपलब्ध गराउने साथै बाँकी रहेको बजेट आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निम्नः**

| **सि.नं.** | **सिलिङ्ग प्राप्त समिति/वडा** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | सम्पुर्ण वडाहरुलाई | २,५०,००,०००/- | ५*५००००००/- प्रति वडा |
| २. | आर्थिक विकास समिति | ४५०००००/- | |
| ३. | सामाजिक विकास समिति | ८००००००/- | |
| ४. | पूर्वाधार विकास समिति | १०,००,०००/- | |
| ५. | वन तथा वातावरण क्षेत्र | १०,००,०००/- | |
| ६. | सुशासन तथा संस्थागत क्षेत्र | ३५,००,०००/- | |
| | **जम्मा** | **४,३०,००,०००/-** | |

**निर्णय नं.५ <u>तह वृद्धि सिफारिस समिति गठन गर्ने सम्बन्धमा।</u>**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुको तह वृद्धि सिफारिस गर्नका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ (४) बमोजिम देहाय अनुसारको तहवृद्धि सिफारिस समिति गठन गर्ने र तह वृद्धिका लागि निवेदन पेश गर्न मिति २०८३ जेठ १८ गते सूचना आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो।

**देहायः**

क. प्रमुख प्रशासकीय अधिकृत श्री दिल कुमार लिम्बु- अध्यक्ष

ख. प्रशासकीय अधिकृत श्री टिका देवी बस्नेत- सदस्य

ग. लेखा अधिकृत श्री युवराज नेपाल- सदस्य

**निर्णय नं.६ जिम्मेवारी सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको ३ नं. वडा कार्यलय सुलुवुङ्गमा रिक्त रहेको वडा सचिव/पञ्जकाधिकारी पदमा अर्को व्यवस्था नभए सम्म कामकाज गर्नका लागि श्री रमेश भट्टराईलाई थप जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७ वतासे सिस्ने फेदी पुल सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका ५ नं. वडा जमुनामा निर्माणाधिन बतासे सिस्ने फेदी पुल मिति २०८२/०६/१८ र १९ गते परेको अविरल वर्षाका कारणले बाढी आइ खोलाको फाँट बढाएको र उक्त पुलको साविकको स्पान सानो भएको हुदाँ स्पानको लम्वाइ बढाउनका लागि सम्वन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.८ पुवा खोला अप्ठ्यारे पुल सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका १ नं. वडा,माइपोखरीमा अवस्थित पुवाखोला अप्ठ्यारे पुल मिति २०८२/०६/१८ र १९ गतेको अविरल वर्षाका कारण वाढीले क्षति पुर्याएको हुदाँ आवतजावतमा समस्या भएको कारणले पुल निर्माण गर्नका लागि वडाबाट सिफारिस भइ आएको हुदाँ आगामी वजेटमा योजना समावेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९ आर्थिक सहायता सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा देहाय बमोजिम विरामी र क्लवलाई आर्थिक सहायता दिने निर्णय भयो ।

| सहयोग पाउने व्यक्ति | सहयोग रकम | सहयोगको कारण | कैफियत |
|---|---|---|---|
| हरि ब. वुर्जा मगर | १० हजार | क्यान्सर रोग | |